नेपालसरकार

गृहमन्त्रालय

## राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #६५

९ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२९ | ५५ | १८८ | १५ | २३ | ७ | ५३ | ० | १७० | **२९७** | **७८** | **३६५** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२७ | ५५ | १८७ | १२ | २२ | ५ | २३ | ० | ५१ | **२६२** | **७७** | **२४३** |
| **२०७७भदौ ८ देखि ९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ० | **१** | ० | ० | **०** | ० | १ | **१** | १ | १ | **२** |

# दैनिक विपद् बुलेटिन

८ भदौ विहान१०:००बजेदेखि ९ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर २ स्थानमा **चट्याङ्ग, १** स्थानमा **पहिरो, १** स्थानमा **आगलागी, १** स्थानमा **अबिरल बर्षा**का घटना घटेका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु, २** जना **घाईते** भएका छन् । करिव **११ लाख ३६ हजार रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ५ | २ | ११,३६,००० | ० | ५३१ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **५** वटा घट्ना भएका छन् ।
- **कञ्चनपुर**को बेलौरी नगरपालिका वडा नं १ बैशाखीस्थित बिजुलीको मिटर बक्समा एक्कासी **चट्याङ** पर्न जाँदा नजिकै बसिरहेका **२० बर्षिय एक पुरुषको मृत्यु**, अन्य **२ जना घाईते** ।
- **बाग्लुङ्ग**को ढोरपाटन नगरपालिका वडा नं २ अर्नाकस्थित एक घर माथिबाट **पहिरो** आई घर पुरिन जाँदा सोही घरमा सुतिरहेकी **१९ वर्षकी एक किसोरीको मृत्यु** ।
- **महोत्तरीको** बर्दिबास नगरपालिका वडा नं १४ लच्कास्थित एक कच्ची घर **अबिरल बर्षा**का कारण भत्कीई घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाडाबर्तन, काठपात गरी **३ लाख रुपैंया** बराबरको क्षति ।
- **गुल्मी**को सत्यवती गाउँपालिका वडा नं २ ढुसेनीस्थित एक घरमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा खाद्यान्न, भडाबर्तन, लत्ताकपडा समेत पुर्णरुपमा जली नष्ट ।
- **जुम्ला**को पातारासी गाउँपालिका वडा नं ४ कटेउका पाटनमा अचानक परेको **चट्याङ** लागि ११ जना व्यक्तिका गरी चरिरहेका **५३१ वटा भेडा मरेको** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग लागि घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा लगिएको, सिन्धुपाल्चोकको लिदी पहिरो र अछामको रामारोशन बाढीमा परी बेपत्ता भएकाको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**भदौ-०९ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने ।**
- **आज राती ईलाम, झापा, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, गोरखा, लमजुङ, तनहुँ, कास्की, प्यूठान, बागलुङ, रोल्पा, रुकुम, दाङ, सुर्खेत, दैलेख, सल्यान, कालिकोट, डोटी, अछाम, दार्चुला, बझाङ, बाजुरा, बैतडी र आसपास जिल्ला भइ बहने स-साना नदीमा बहाब केही बढ्ने र केही सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज प्रदेश १,२, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशको केहि पहाडी जिल्लामा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ ०८ गते बिहान ०८:४५ बजे देखि भदौ ०९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०९ गते बिहान ०८:४५ बजे १९३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६५ र स्वचालितः १२८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (८७.६मि. मी.) लमजुङ जिल्लाको घारेढुङ्गा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १० वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**